**Prithvi wangmaya Journal**
**Vol. 14, 2024**
**Nepali Department, Prithvinarayan Campus, (TU)**
**Pokhara, Nepal**

# नेपाली लोकगाथामा लैङ्गिक विभेद

गीताकुमारी पौडेल
उपप्राध्यापक, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
Email: gitakumaripaudel@gmail.com

Received date : 4 June 2024, Reviewed date : 14 June 2024, Accepted date : 16 July 2024

**लेखसार**

प्रस्तुत लेख 'नेपाली लेकगाथा' मा लैङ्गिक विभेदको विश्लेषणमा आधारित छ । लैङ्गिक अध्ययन नारीहित र समन्यायमा आधारित वैचारिक चिन्तन हो । यसले नारीको लैङ्गिक विभेदपूर्ण र शोषित अवस्थाको अस्वीकृतिमूलक अध्ययन गर्छ । यो लैङ्गिक अध्ययनको आधारशिला पनि हो । यहाँ लैङ्गिक अध्ययनको लैङ्गिक विभेदसम्बन्धी मान्यताका आधारमा 'नेपाली लोकगाथा ' लोकगाथामार्फत तत्कालीन नेपाली समाजका नारीहरूको लैङ्गिक विभेदपूर्ण अवस्थाको विश्लेषण गरी तथ्यपूर्ण निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । त्यसैले यस लेखलाई लैङ्गिक अध्ययनको विशेष गरी लैङ्गिक भेदभाव र शोषणमा आधारित सामाजिक अवस्थाको केन्द्रित गरिएको छ । यस लेखका लागि सामग्री सङ्कलन गर्न पुस्तकालयको प्रयोग गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणको लागि निगमन विधि र लेख प्रस्तुतीकरणमा वर्णनात्मक विधि अवलम्बन गरिएको छ । यहाँ वर्णनात्मक विधिको प्रयोग गरी पाठपरक तथ्यका आधारमा नारीमाथि हुने लैङ्गिक विभेदको तार्किक विश्लेषण गरिएको छ । तत्कालीन पितृसत्तात्मक सामाजिक परम्परागत मान्यता, रूढि, अन्धविश्वास, कुसंस्कार र सांस्कृतिक मुल्यलाई नारीविरोधी ज्ञानका रूपमा निर्माण गरी लैङ्गिक विभेद, शोषण, दमन र उत्पीडनका लागि बलियो आधार निर्माण गरिएको छ र जसका कारणले  नारीहरू लैङ्गिक विभेदपूर्ण व्यवहारको सिकार भएका छन् । पितृसत्ताको हैकमवाद, निरङ्कुश शासन, उत्पीडन, सामाजिक तथा सांस्कृतिक गतिविधि तथा विभेदयुक्त सामाजिक कार्यले पुरुषको तुलनामा महिला लैङ्गिक विभेद र उत्पीडनमा परेको स्पष्ट हुन्छ । लोकगाथामा नारीमाथिको लैङ्गिक विभेद र उत्पीडनको प्रमुख आधार पितृसत्ता बनेको छ भने त्यसको पनि आधारको रूपमा तत्कालीन सामन्तवादी विमर्शात्मक सामाजिक संरचना रहेको छ । यही सामाजिक संरचनाका कारण नारीहरू बालविवाह, अनमेल विवाह, सतीप्रथा, लैङ्गिक विभेद र लैङ्गिक उत्पीडनको सिकार भएका छन् जसले गर्दा नारीको प्रतिरोध शक्ति कमजोर भई उनीहरूले अबला, निरीह, शक्तिहीन र कमजोर अवस्था भोग्न बाध्य भएका छन् । पितृसत्ताले मानिसको प्राकृतिक लिङ्गका विपरीत सामाजिक सांस्कृतिक आधारमा निर्मित विभेदकारी लैङ्गिकसम्बन्ध स्थापित गरी नारीहरूलाई लैङ्गिक विभेद गरेको निष्कर्ष प्राप्त भएको छ ।

**शब्दकुन्जी :** अधीनस्थता  पितृसत्तात्मक , लैङ्गिकता , सतीप्रथा , हैकमवाद ।

## विषयपरिचय

*नेपाली लोकगाथा* मोतीलाल पराजुलीद्वारा सङ्कलित नेपाली लोकगाथाको सङ्ग्रह हो । उनका *नेपाली लोकगाथा* (२०४९),*नेपाली रचना कला* (२०५३) ,*धर्मात्मराजा* (२०५८),*बुद्धिमान् पुरुष* (२०६५ ), *नेपाली लोकनाटक सिद्धान्त र विवेचना* (२०६१) , *सोरठी नृत्यनाटिका : सैद्धान्तिक अध्ययन* (२०६३ ख ), *नेपालीमा प्रचलित नृत्य नृत्यनाटिकाहरू* (२०६३ क ) ,*गण्डकीका लोककथा* (भाग १ र २ अप्रकाशित) , *नेपाली लोकसाहित्यको रुपरेखा'* (सहलेखन )(२०६८) , *नेपाली लोककथा सिद्धान्त र विश्लेषण* (२०७१ ) ' *नेपाली प्रदर्शनकारी कला* भाग–४ (२०७४) लगायतका कृति प्रकाशित रहेका छन् । लोकगाथाहरू समाजमा घटेका घटनाहरू, इतिहासका महत्त्वपूर्ण व्यक्ति तथा घटनाहरू एवम् सास्कृतिक विषयवस्तुलाई आख्यानबद्ध गरी निर्माण गरिन्छ । त्यसैले लोकगाथामा सामाजिक एवम् सास्कृतिक विषयको अङ्कन गरिएको हुन्छ । *नेपाली लोकगाथा* सङ्ग्रहमा यिनै सामाजिक–सांस्कृतिक विषय समावेश भएका तीसओटा लोकगाथाहरू सङ्कलनमा रहेका छन् । नेपाली लोकगाथा सङ्ग्रहमा समावेश भएका तीसओटा लोकगाथामध्ये 'मनकोइला रानी ,'सरुमा रानी' ,जिरीया गोड्ने' ,'बालाचन्द्र' ,'अम्बा' ,'भोटेकाँठे र चेली' , 'भीभनाथ' र 'हरिप्रसाद ब्राह्मण' गरी आठओटा लोकगाथामा सामाजिक विषयवस्तु रहेको छ । यी आठओटा सामाजिक लोकगाथामध्ये लैङ्गिक विषयको चित्रणका दृष्टिले सबल रहेका 'मनकोइला रानी' ,'सरुमा रानी' ',जिरिया गोड्ने' 'बालाचन्द्र' र 'अम्बा,' गरी पाँचओटा लोकगाथालाई सोद्देश्य नमुना छनोटका आधारमा छनोट गरिएको छ। अध्ययनका लागि छनोट गरिएका यी लोकगाथाहरूलाई यस लेखमा लैङ्गिक अध्ययनको विषय बनाइएको छ र लैङ्गिक अध्ययनका आधारमध्ये लैङ्गिक विभेदका आधारमा ती लोकगाथाको विश्लेषण गरिएको छ ।

साहित्यमा कुनै पनि कृतिभित्र प्रस्तुत नारीपात्रहरूको अवस्था तथा त्यहाँ उनीहरूको भूमिकाको खोजी लैङ्गिक समालोचनाअन्तर्गत पर्छ । विश्वको साहित्य तथा समालोचनामा लैङ्गिकताको प्रवेश महिलामुक्ति आन्दोलनसँग आबद्ध भएर भएको मानिन्छ । लैङ्गिक अध्ययनले समाजमा रहेको लैङ्गिकसम्बन्ध र भूमिकामा देखिने पितृसत्तात्मक स्वरूपको अध्ययन गर्दछ । यसको नारीवादसँग निकट सम्बन्ध छ। लैङ्गिक अध्ययन पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परामा सन् १९८० को दशकपछि विकसित भएको समालोचना पद्धति हो। लैङ्गिकता महिला र पुरुषलाई समाजले निर्धारण गरेको भूमिकासँग सम्बन्धित अवधारणा हो । लैङ्गिकता शब्दले महिला र पुरुषको शारीरिक भूमिका तथा विशेषता नभई तिनको सामाजिक–सांस्कृतिक भूमिका र विशेषताको बोध गराउँछ। कुनै पनि कृतिलाई लैङ्गिकताको आधारमा अध्ययन गर्दा कृतिमा प्रयुक्त नारी तथा पुरुष पात्रहरूको सामाजिक तथा सांस्कृतिक भूमिकाको खोजी गरिन्छ । यसका साथै कतिमा प्रभुत्वशाली लैङ्गिक समुदायद्वारा अधीनस्थ समुदायमाथि गरिने विभेद , दमन ,शोषण ,हिंसा र उत्पीडन विरूद्ध आवाज उठाउँदै लैङ्गिक समानताको चिन्तनलाई अघि बढाइन्छ। त्यस्तै कुनै पनि कृतिको लैङ्गिक अध्ययन गर्दा पितृसत्ता , लैङ्गिक प्रतिनिधित्व ,पहिचान ,उत्पीडन ,प्रतिरोध ,शक्तिसम्बन्ध ,प्रभुत्व ,शरीर राजनीति आदिको आधारमा विश्लेषण गरिन्छ । नेपाली समाजको मूलस्वरुप पितृसत्तात्मक रहेका कारणले समाजमा महिला र पुरुषबिचको सम्बन्ध शोषक र शोषित , दमक र दमित प्रकृतिको छ । पितृसत्तात्मक समाजमा समाजका व्यवहारका आधारमा महिला र पुरुषको भूमिका निर्धारण भएका कारण समाजमा असमानता उत्पन्न भई विभेदपूर्ण समाजको निर्माण भएको छ । प्रस्तुत आलेखमा लोकगाथामा चित्रित समाजमा लैङ्गिक विभेदको अवस्था के कस्तो छ ? साथै लोकगाथालाई लैङ्गिकताका कोणबाट के–कसरी विश्लेषण गर्न सकिन्छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान खोज्ने प्रयत्न गरिएको छ ।

प्रस्तुत अध्ययनको आधारभूत सामग्री मोतीलाल पराजुलीद्वारा सङ्कलित *नेपाली लोकगाथा* सङ्ग्रह हो । प्रस्तुत कृतिमा सङ्ग्रहित लोकगाथाहरूका विषयमा विविध अध्ययन भएका भए पनि लोकगाथामा निहित रहेको लैङ्गिकताका दृष्टिले अहिलेसम्म कुनै पनि अध्ययनकार्य नभएको हुँदा अनुसन्धानमा पर्याप्त अन्तराल देखिन्छ । सो अन्तराल परिपूर्ति गर्न यस अध्ययनमा लैङ्गिकताका दृष्टिले उपयुक्त मानिएका लोकगाथा सङ्ग्रहका 'मनकोइला रानी', 'जरीया गोड्ने' , 'सरुमा रानी' , 'बालाचन्द्र ' र 'अम्बा' गरी पाँचओटा लोकगाथालाई विश्लेषणका लागि चयन गरिएको छ र लैङ्गिकताका विभिन्न पक्षमध्ये लैङगिक विभेदका आधारमा  विश्लेषण गरिएको छ । नेपाली लोकगाथाको सङ्कलन गरी तिनको विधापरक ,कृतिपरक र संरचनापरक अध्ययन गर्ने परम्परा बसिसकेको भए तापनि त्यसको  लैङ्गिकताको कोणबाट अध्ययन भएको पाइदैन सो परिपूर्ति यस लेखले गर्ने भएकाले यस लेखको प्राज्ञिक औचित्य र महत्त्व स्वत : स्पष्ट हुन गएको छ । नेपाली लोकगाथामा लैङ्गिक विभेद प्रस्तुत भएको र बहुलवादी समालोचनाका कोणबाट लोकगाथालाई विविध आयामले हेर्न सकिने भएका कारण लोकगाथाको लैङ्गिक चिन्तनका सिद्धान्तलाई आधार मानेर गरिएको अध्ययनको औचित्य र महत्त्व रहेको कुराको पुष्टि हुन्छ । लोकगाथाको लैङ्गिक अध्ययनका क्रममा नेपाली लोकगाथामा प्रयुक्त लिङ्गीय पक्षको विश्लेषणका क्रममा प्रस्तुत लेखमा मोतीलाल पराजुलीद्वारा सङ्कलित नेपाली लोकगाथा सङ्ग्रहमा रहेका लैङ्गिक विषयको चित्रणका दृष्टिले विशेष सवल पाँचओटा लोकगाथालाई मात्र विश्लेषणका लागि चयन गरिएको छ । छनोट गरिएका लोकगाथाहरू 'मनकोइला रानी' ,'सरुमा रानी' ,'जिरिया गोड्ने'  'बालाचन्द्र' र 'अम्बा ' रहेका छन् । यी लोकगाथाको अध्ययनमा मात्र यस लेखलाई सीमित गरिएको छ । यी बाहेकका लोकगाथा सङ्ग्रहमा रहेका ऐतिहासिक ,पौराणिक र लैङ्गिक दृष्टिले सबल रहेका सामाजिक लोकगाथा बाहेकका अरू सामाजिक लोकगाथालाई यसमा समावेश गरिएको छैन । लोकगाथाको चयनको आधार लैङ्गिक दृष्टिले सबल सामाजिक लोकगाथालाई मानिएको हुँदा ऐतिहासिक ,पौराणिक लोकगाथाको अध्ययन नहुनु पनि यस शोधकार्यको सीमा हो ।

## अध्ययनको विधि

प्रस्तुत आलेखका लागि आवश्यक मुख्य सामग्री मोतीलाल पराजुलीद्वारा सङ्कलित नेपाली लोकगाथा नै हुन् । उनले सङ्कलन गरेका तीसओटा लोकगाथामध्ये लैङ्गिक विषयको चित्रणका दृष्टिले सबल देखिएकाले पाँचओटा सामाजिक लोकगाथाको सोद्देश्य नमुना छनोट गरी यस शोधका निम्ति आवश्यक प्राथमिक सामग्रीको सङ्कलन गरिएको छ । यसका साथै लोकगाथा र लैङ्गिक अध्ययनको सिद्धान्तको बारेमा लेखिएका पुस्तक तथा पत्रपत्रिकाका लेखहरू र समालोचनात्मक कृतिहरूलाई यस शोधकार्यमा द्वितीय सामग्रीको रूपमा लिइएको छ । यी प्राथमिक र द्वितीय सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यका आधारमा गरिएको छ । प्रस्तुत लेखको सैद्धान्तिक आधारको रूपमा लैङ्गिकतासम्बन्धी सांस्कृतिक अध्ययनको मान्यतालाई लिइएको छ । लैङ्गिकताको आधारमा कुनै पनि कृतिको अध्ययन गर्दा कृतिका पात्रको लैङ्गिक प्रतिनिधित्व ,पहिचान ,उत्पीडन , प्रतिरोध , शक्तिसम्बन्ध, पितृसत्ता , लैङ्गिक विभेद जस्ता पक्षको खोजी गरिन्छ ।  यस लेखमा लोकगाथाको समग्र परिवेशबाट साक्ष्यहरूका आधारमा तत्कालीन समाजमा रहेको लैङ्गिक विभेदका मुख्य पक्षहरूको विश्लेषण गरिएको छ । लेखको प्रस्तुतीकरणमा वर्णनात्मक विधि प्रयुक्त छ । यहाँ लोकगाथामा भएका कथ्यका आधारमा लैङ्गिक विभेदका मुख्य पक्षहरू पितृसत्ता तथा पितृसत्तात्मकताका कारण महिलाहरू

कसरी उत्पीडित भएका छन् , के–कसरी उनीहरूमाथि लैङ्गिक विभेद गरिएको छ त्यसको खोजी यसअन्तर्गत गरिएको छ। यहाँ नारी र महिला शब्द पर्यायवाचीका रूपमा प्रयोग गरिएको छ। लैङ्गिक विभेदका कोणबाट लोकगाथाको विश्लेषण गरिएकाले यो लेख गुणात्मक प्रकृतिको रहेको छ।

**सैद्धान्तिक पर्याधार**

लैङ्गिक समालोचना लिङ्गका आधारमा उत्पीडित तथा सीमान्तकृत समुदायमा केन्द्रित हुन्छ। लैङ्गिक विभेद भनेको लिङ्गका आधारमा गरिने भेदभाव वा पक्षपातपूर्ण व्यवहार हो। महिला र पुरुषबिचको सम्बन्धका आधारमा लैङ्गिक विभेदको सिर्जना हुने गर्छ। सामान्यत : लैङ्गिक विभेद तथा उत्पीडन युगौँदेखि महिलाहरूमा नै हुदै आइरहेको छ। यही लैङ्गिक विभेद तथा उत्पीडनका विरूद्ध विश्वका महिलाहरूले उद्घोष गरेको नारीवादी आन्दोलनसँगै लैङ्गिक अध्ययन पनि स्थापित भएको देखिन्छ। लैङ्गिक अध्ययनले लिङ्गको सांस्कृतिक निर्मितिका आधारमा समाजमा पुरुष र महिलाको भूमिका र व्यवहारको अध्ययन गर्छ । कुनै पनि कृतिभित्रको सामाजिक परिवेशमा महिला र पुरुषबिच कस्तो सम्बन्ध छ ? पुरुषले नारीमैत्री व्यवहार गरको छ या छैन ? नारी र पुरुषको सम्बन्धबाट नारीको जीवनमा कस्तो प्रभाव परेको छ आदि कुराको खोजी यसमा गरिएको हुन्छ। विश्वको साहित्य तथा समालोचनाका क्षेत्रमा लैङ्गिकताको प्रवेश महिलामुक्ति आन्दोलनसँग आबद्ध भएर भएको मानिन्छ (प्रतिक्षा, २०७९, पृ .३३२)। विश्वमा महिला मुक्ति आन्दोलनको इतिहास अठारौ शताब्दीमा युरोपमा भएको औद्योगिक क्रान्तिसँगै जोडिएको छ (पाण्डे, २०६९ ,पृ .५) । लैङ्गिक अध्ययनको एउटा विषयका रूपमा रहेको नारीवाद महिलासम्बन्धी विचार , दर्शन र राजनीति हो। यसले महिला हिंसा , शरीर राजनीति , नारी दमन र शोषणको विरोध गर्छ। नारीलाई मुक्ति दिन पुरुष सरह बनाउन , समता र स्वतन्त्रताका पक्षमा उभ्याउन आवाज उठाउँदै आएको छ ( भट्टराई ,२०६८, पृ.६४)। महिलाप्रतिका परम्परागत मूल्यमान्यता विरूद्ध यसले महिलामुखी नवीन मान्यताहरू प्रस्तुत गर्दै सोही आधारमा कुनै पनि कृतिभित्र महिलाको पहिचान र भूमिकाको खोजी गरेको हुन्छ।

लैङ्गिक समालोचनाले कृतिमा वर्णित लिङ्गको सामाजिक–सांस्कृतिक विश्लेषणमा जोड दिन्छ। लैङ्गिक अध्ययनका रूपमा विशिष्टीकृत यो विषयले महिलालाई केन्द्रमा राख्छ ( प्रतिक्षा, २०७९, पृ. ३३४) । यसको मूल अभीष्ट नै सामाजिक विभेदबाट मुक्तिको खोजी हो । लैङ्गिक अध्ययनले पितृसत्तात्मक समाजले नारीमाथि गर्ने लैङ्गिक विभेद , पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्या प्रति असहमति व्यक्त गर्दै पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्यमान्यताको विरोध गर्छ। पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा , दृष्टिकोण , पूर्वाग्रह , मान्यता , कल्पना र साहित्यमा नारीको स्थिर चरित्र चित्रण आदिलाई नकार्दै यसले नारीको वास्तविक अस्थित्व तथा पहिचान कायम गर्नेतर्फ दह्रो पाइला चालेको छ। लैङ्गिक अध्ययनमा पितृसत्तात्मकताको विरोध गरी नारीलाई पुरुषको थिचोमिचो र हैकमवादबाट मुक्त गराउने मार्ग प्रस्तुत गर्दै महिलाको परम्परागत परिचय , परम्परागत भूमिका आदिभन्दा पृथक उसको पहिचान तथा समन्यायको अपेक्षा गर्छ। यसले साहित्यिक कृतिभित्रका नारी पात्रहरूको पहिचान र भूमिकाको खोजी गर्दै परम्परागत पहिचान र भूमिकाप्रति आलोचनात्मक दृष्टिकोण राख्दछ।

लैङ्गिक विभेद पितृसत्ताले निर्माण गरेको मुख्य विभेदको रूप हो। यसले लिङ्गकै आधारमा नारीलाई कमजोर सावित गरिदिएर समाजमा हरेक अवसरहरूबाट वञ्चित गरिदिएको छ। विश्वका सबैजसो समाज तथा संस्कृतिमा महिला र पुरुषबिचको लैङ्गिक भूमिका विभेदकारी नै देखिन्छ । जहाँ उत्पीडन हुन्छ त्यहाँ प्रतिरोधले जन्म लिन्छ। प्रभुत्वशाली वर्गबाट अन्याय, अत्यचार, पीडा ,दमन भोग्न

विवश सीमान्तकृत वर्गले आफूमाथिको उत्पीडनको विरोध गर्नु प्रतिरोध हो अनि त्यो वर्गमा जागेको विद्रोही चेतना प्रतिरोधी चेतना हो ( हमाल, २०७७, पृ .६९ ) । सामान्य अर्थमा कुनै किसिमको आक्रमण वा बल प्रयोगलाई रोक्ने कामलाई प्रतिरोध मानिए पनि लैङगिक अध्ययन विश्लेषणमा एक महत्त्वपूर्ण सिद्धान्तको रूपमा अधि वढेको देखिन्छ । फुकोले शक्ति , ज्ञान र विमर्शका व्याख्याका क्रममा प्रतिरोधवारे विभिन्न धारणा व्यक्त गरेका छन् । उनको भनाई छ –जहाँ शक्तिको अभ्यास देखा पर्छ त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि मौलाउँछ (उप्रेती ,२०६८ , पृ.४१ ) उत्पीडित वर्ग सचेत हुदाँ प्रतिरोधको अवस्था सिर्जना हुन्छ र विद्रोही पहिचान पनि प्राप्त गर्दछन् भने उत्पीडित वर्ग चेतनशील नभएको स्थितिमा भने विद्रोही बन्न नसकेर अधीनस्थ अवस्थामा नै रहेको देखिन्छ । त्यस अवस्थामा प्रभुत्वशाली वर्गले आफ्नो शक्तिलाई कायमै राख्नका लागि अधीनस्थ वर्गमाथि दमा प्रक्रिया चालु नै राख्छ । यस लेखमा लैङ्गिक अध्ययनको सैद्धान्तिक पर्याधारलाई आधार मानेर नेपाली लोकगाथामा उपस्थित नारी पात्रहरूले के–कस्तो लैङ्गिक उत्पीडन वा लैङ्गिक विभेद भोगिरहेका छन् । उनीहरूमा प्रतिरोधी चेतना कस्तो छ र प्रतिरोध गर्न सकेका छन् वा छैनन भन्ने बारेमा विश्लेषण गरिएको छ ।

## विमर्श र नतिजा

समाजको संरचना तथा त्यसमा स्थापित मूल्यमान्यताका आधारमा लैङ्गिक विभेदको निर्माण हुने गर्छ । हाम्रो समाज पितृसत्तात्मक सामाजिक संरचनामा निर्मित भएको हुनाले पुरुष र महिलामा सामाजिक–सांस्कृतिक तथा आर्थिक व्यवहारमा गरिने भिन्नताका आधारमा लैङ्गिक विभेदको जन्म भएको हो । महिला र पुरुषका परम्परागत व्यवहारले नै यसको पुष्टि गरेका छन् । मानव समाजमा बलियोले निर्धोलाई हेप्ने, होच्याउने र आफ्नो अधीनमा राख्न खोज्ने चलन सदीयौँदेखि चल्दै आएको छ । समाजमा उत्पीडक र उत्पीडित दुवै विद्ययमान छन् । सामाजिक , आर्थिक ,सांस्कृतिक , धार्मिक , क्षेत्रीय आदि उत्पीडनहरू पुरुष र महिला सबैले सहनु परिरहेकै हुन्छ तर यिनका अतिरिक्त नेपाली समाजमा परम्परादेखि स्थापित पितृसत्तात्मक संरचना भएका कारणले पुरुषको तुलनामा नारीले थप लैङ्गिक विभेदको सिकार हुनु परेको छ । महिलामाथिको भेदभाव समाजका हरेक क्षेत्रमा रहेको छ । समाजमा पितृसत्तात्मक उत्पीडनका विषालु जराहरू सबैतिर फैलिएका छन् । जसका कारण समाजमा नारी र पुरुषका लागि फरकफरक संस्कार बनाइएका छन् । महिलाप्रति गरिने विभेदयुक्त व्यबहारहरू महिलाको अधिकार र स्वतन्त्रतामा बन्देज लगाउने खालका र अपमानजनक छन् । महिलामाथिको दमनको मूल स्रोत पितृसत्ता हो । समाजमा परम्परादेखि स्थापित पितृसत्ताको प्रभावलाई पितृसत्तात्मकता भनिन्छ । पितृसत्तामा पुरुषद्वारा महिलामाथि दमन गरिएको हुन्छ भने पितृसत्ताको प्रभावस्वरूप पुरुषबाहेक अन्य पक्ष तथा नारी स्वयम्बाट नै नारीको शोषणदमन हुने अवस्था पितृसत्तात्मकता हो ( प्रतिक्षा , २०७९ , पृ . ३३८ ) । पितृसत्ताले सिर्जना गरेका सामजिक सांस्कृतिक मूल्यमान्यताकै कारण महिलामाथि शोषण र दमन भएको छ । पितृसत्तात्मक समाजमा पुरुष पूर्ण रूपमा स्वतन्त्र छन् भने महिला पितृसत्ताले दिएको परिसीमित भूमिकाको कारण पराधीन छन् । समाजमा पुरुष र महिलाका बिचमा सामाजिक ,सांस्कृतिक तथा आर्थिक व्यवहारमा गरिने भिन्नताका आधारमा लैङ्गिक विभेदको जन्म भएको कुरा पुरुष र महिलासँगका परम्परागत व्यवहारले प्रस्ट्याउँछन् (भट्टराई ,२०७७ ,पृ .१३५ ) । घरपरिवारले जस्तोसुकै व्यवहार गरे पनि नारीले सहनु पर्छ किनभने नारीमा सहनशीलता हुनु पर्छ भन्ने मान्यता पितृसत्ताको रहेको छ । यही सामाजिक मान्यताको प्रतिबिम्बन नेपाली लोकगाथामा पनि देखिन्छ । समाजका विभिन्न क्षेत्रमा महिला र पुरुषका बिचको सम्बन्ध लिङ्गीय सम्बन्ध हो । महिला

दमनको मूल थलो परिवार हो भने परिवारमा महिला पत्नी, आमा ,छोरी ,बुहारी ,नन्द , अमाजू , भाउजूलगायतका विविध भूमिकामा रहेका हुन्छन् । समाज र परिवारको चरित्रअनुसार महिलामाथि शोषण , दमन र हिंसा पुरुष र महिला दुवैबाट हुनसक्छ । पितृसत्तात्मक समाजमा महिलामाथि हुने हिंसा नै प्रबल रूपमा रहेको हुन्छ र यस्तो हिंसामा बालविवाह , अनमेलविवाह , बोक्सीप्रथा , सतीप्रथा , हत्या , हिंसा , बलात्कार , शारीरिक हिंसा ,मानसिक हिंसा , यौनजन्य हिंसा र असमान व्यवहार जस्ता घटनाहरू प्रकट हुन्छन् । यस लेखमा नेपाली लोकगाथामा यस्ता दुर्व्यवहारहरू कसरी प्रकट भएका छन् भन्ने विषयको विश्लेषण गरिएको छ ।

'मनकोइला रानी ' को गाथा 'नेपाली लोकगाथा' सङ्ग्रमा सङ्कलित लैङ्गिक विभेदको चित्रण गरिएको सामाजिक लोकगाथा हो । यस गाथामा लिङ्गका आधारमा महिला र पुरुष गरी दुई प्रकृतिका चरित्रहरू रहेका छन् । नेपाली लोकसाहित्यको लोकगाथा लोकसंस्कृतिको उपज हो । यस्ता लोकगाथामा नेपाली लोकजीवनको सामाजिक– सांस्कृतिक परिवेशको चित्रण गरिएको हुन्छ । लोकगाथाका लिङ्गीय चरित्रमा समाजको प्रभाव पर्ने हुँदा समाजले सामाजिक–सांस्कृतिक पक्षद्वारा लिङ्गीय भूमिकाको निर्धारण गरेको हुन्छ जसका कारण समाजमा महिला र पुरुष प्रति भिन्न दृष्टिकोण बनाएको हुन्छ । यस लोकगाथामा पनि महिला र पुरुष प्रतिको भिन्न दृष्टिकोण रहेको देखिन्छ । यस गाथाकी प्रमुख नारी पात्र मनकोइला रानी हो भने पुरुष पात्र उसको पति हो । लोकगाथाको सुरुवात मै मनकोइलाको बारेमा व्यक्त भएका विचारले तत्कालीन नेपाली समाजमा रहेको लैङ्गिक विभेदलाई प्रस्तुत गरेको देखिन्छ :

सपनीमा तिम्रो दर्शन पाइन हो राम ।
बारई र वरिसका उदौचन्द्र प्रभु राजा नि
पाँचई वरिषकी हुँला रानी हो
क्याविधि लेख्यो मलाई लेख्यो राम
उदौचन्द्र प्रभु राजा नि
करम न कौन ये गति मेरा
मन मेरा धरधर रुन लाग्यो
हे राम (पृ. १९८–१९९) ।

माथिको साक्ष्यलाई हेर्दा मनकोइला रानी प्रति पितृसत्ताले कति अमानवीय कार्य गरेको छ भन्ने स्पस्ट हुन्छ । पाँच वर्षकी अबोध बालिका मनकोइला जन्म घर छाडेर पराईको घर जान बाध्य बनाइएकी छ । उसलाई विवाह गरेर प्रदेश गएको लोग्नको लामो समयसम्म पनि कुनै खबर आएको छैन । ऊ लोग्ने जिउँदो छँदाछँदै लामो अवधिसम्म पतिहीन भएर लोग्नेको वियोगमा छटपटाइ रहेकी छ । ऊ लोग्नेबाट पत्यिक्त जस्तो देखिन्छे तर लोग्नेको घरलाई छोड्न सक्दिन । उमेरजन्य रहर ,लामो समयसम्मको लोग्नेको प्रतिक्षामा रहनु र घरको जिम्वेवारी वहन गर्नु नारीको लागि पीडाजन्य अवस्था हो । पितृसत्तात्मक समाज र परिवारद्वारा सामाजिक धर्म , संस्कार र संस्कृतिका नाममा नारीमथि वर्चस्व राख्न पुरुष सधैँ सफल भएको हुन्छ अनि नारी सधैँ आफ्ना इच्छा, चाहाना र आकाङ्क्षाको बलि चढाउन बाध्य पारिन्छे भन्ने कुरा मनकोइलाको अभिव्यक्तिले पुष्टि गर्छन् । पाँच वर्षको उमेरमा बालविवाह गरिदिनु ,लोग्नेलाई चिन्न नपाउँदै लोग्ने परदेश जानु , लामो समयसम्म घर नर्फकनु र कुनै खबर पनि नर्गनु , मनकोइलाले लोग्नेको वियोगमा एक्लै जीवन बिताउन विवश तुल्याइनुले तत्कालीन पितृसत्तात्मक समाजले महिलामाथि गरेको अन्यायपूर्ण लैङ्गिक विभेद स्पस्ट देखिन्छ । यहाँ

पुरुष स्वतन्त्ररुपमा परदेश गएको छ । उसलाई विवाहित पत्नीको कुनै वास्ता छैन तर पत्नी भने लोग्नेको सम्झनामा लोग्नेको घर सम्हालेर बसिरहेकी छ। महिलापुरुषबिचको यस्तो असमान सम्बन्धका कारण समाजमा लैङ्गिक विभेदले बढावा पाइरहेको हुन्छ । पितृसत्तात्मक समाजमा महिलालाई प्रदान गरेको पारिवारिक भूमिका दमनात्मक वा परिवारिक परिवेशमा सीमित हुने देखिन्छ । यसैका आधारमा ऊ लैङ्गिक विभेदमा रहेकी छ ।

पितृसत्तात्मक सोचका कारण त्यस समयका नारीले संघर्षपूर्ण जीवन बिताउन बाध्य परिएको तथ्य यस गाथामा प्रस्तुत भएको छ । परम्पराका नाममा पितृसत्तात्मक समाजले ऊ प्रति गरेको अन्यायपूर्ण व्यवहार उसको अभिव्यक्तिले स्पष्ट रूपमा झल्काउँछ । मनकोइलाको नाबालक उमेरमा विवाह मात्र भएको छैन । उसलाई लोग्नेको अभावमा बाँच्न कठिन  पनि भएको छ । ऊ पतिको खोजीमा लागेकी छ । लामो समयसम्म परदेशिएको लोग्ने घर नर्फकिए पछि श्रीमतीलाई असह्य पीडा बोध हुनुले लैङ्गिक विभेद स्पष्ट हुन्छ । लामो समयसम्म लोग्ने घर नर्फके पछि उसले लोग्नेको खोजीमा मानवेतर पात्र कागलाई आफ्नै छालामा रगतको मसीले चिठी लेखी काग मार्फत पठाएकी छ । विपनामा भेट्न नपाए पनि सपनामै भए पनि पतिलाई भेट्न ज्यादै आकुल बनेकी छ । विवाह गरेर लामो समयसम्म पनि उसको लोग्ने घर नर्फकनुले तत्कालीन नेपाली समाजमा व्याप्त रहेको विभेदपूर्ण तथा अन्यायपूर्ण संस्कृतिलाई झल्काउँछ । मनकोइला लैङ्गिक प्रतिनिधित्वका दृष्टिले उत्पीडित नारी पात्र हो र उसलाई उत्पीडनको सिकार बनाउने उसको परिवार र पितृसत्तात्मक सामाजिक संरचना हो । त्यस बेलाको समाजमा रहेको पितृसत्तात्मक परिवेश ,बालविवाह जस्ता सामाजिक र सांस्कृतिक पक्षलाई यस लोकगाथामा देखाइएको छ ।  लोकगाथाले हिन्दु आदर्शवादी नारी मान्यतालाई प्रस्तुत गरेको छ । नारीको मूल गुण सहनशीलता हो भन्ने सन्देश पनि लोकगाथाले दिन खोजेको छ । यस लोकगाथाकी नारी चरित्र परम्परागत पितृसत्तात्मक सोचबाट निर्देशित र पीडित  छ ।

‘सरुमा रानी ’को गाथा ‘नेपाली लोकगाथा ’ सङ्ग्रहमा सङ्कलित अर्को लैङ्गिक विभेदको चित्रण गरिएको सामाजिक लोकगाथा हो । यस लोकगाथामा पनि विभेदयुक्त लैङ्गिक सामाजिक सांस्कृतिक संरचना बिद्यमान रहेको पाइन्छ । लोकगाथाकी प्रमुख नारी पात्र  सरुमा रानी पितृसत्तात्मक पुरातन मान्यताको सिकार भएकी छ । लैङगिक चेतनाका अभावमा ऊ पनि पुरुषको अधीनस्थता स्वीकार्न विवश र बाध्य छ । सरुमा रानीको विवाहको उमेर नखुलाइए पनि उसको पनि सानैमा विवाह भएको देखिन्छ । ऊ विवाह भएको लामो समयसम्म वा बुढेसकाल लाग्दासम्म  पनि माइत जान पाएकी छैन । सरुमाले पतिसँग माइत जान अनुरोध गरेकी छ । तर पतिले समय अनुकूल नभएकाले तत्काल जान नसक्ने बताएको छ । लामो समयसम्म माइत जान नपाएको हुनाले सरुमालाई माइतीको यादले सताएको छ । बुढेसकालसम्म पनि माइत जान नपाउँदा सरुमालाई आफ्नो जन्मघर जान मन लाग्नु अस्वाभाविक देखिँदैन । लोकगाथामा सरुमा र उसको पतिको पति पत्नीगत सम्बन्ध लैङगिक दृष्टिले पितृसत्तात्मक छ तापनि यिनीहरूको सम्बन्ध उत्पीडनकारी नभई केही उदार रहेको छ । सरुमाले ज्यादै अनुरोध गरेपछि सरुलाई उसको पतिले माइतमा लैजानु उसको उदारताको उदाहरण हो । लोग्नेको उदारताकै कारणले गर्दा सरुमा हरेक दुःख कष्ट काटेर भए पनि माइतीघर आइ पुग्छे । महिलाले तत्कालीन समयमा घर–माइत गर्दा भोग्नु पर्ने कठिनाई बारे यस लोकगाथाले स्पस्ट पारेको छ ।

महिलामाथि दमन तथा शोषण हुने संरचना पितृसत्तात्मक संरचना हो । पितृसत्तात्मक मानसिकताले प्रेरित महिलाहरू महिलाप्रति नै अनुदार हुनाका साथै पुरुष र महिलाबिचको विभेदलाई निरन्तरता दिने गर्छन् । यस लोकगाथाकी नारीपात्र सौतेनी आमामा पनि पितृसत्तात्मक मानसिकता

रहेको छ र त्यही कारण उसले माइत आएकी छोरीको लैङ्गिक भूमिकालाई नियन्त्रणमा राख्ने प्रयास गरेकी छ। पितृसत्तात्मक समाजमा समाज र परिवारको चरित्रअनुसार महिलामाथि उत्पीडन नारी पुरुष दुवैबाट हुने गर्दछ। यस लोकगाथामा सौतेनी आमाको दुष्ट, कपटपूर्ण , स्वार्थी र षडयन्त्रपूर्ण व्यवहारका कारण सरुको लोग्नेले अकालमा ज्यान गएको छ भने सरुलाई पनि  सती जान बाध्य बनाएर अकालमा ज्यान गुमाउन बाध्य पारिएको छ। सौतेनीआमाको सातेनी छोरी प्रतिको नकारात्मक धारणका कारण एउटी नारीले अर्की नारीलाई उत्पीडनमा पारेको देखाइएको छ । माहिलाहरुलाई नै समस्याको कारण ठान्ने पुरुषप्रधान समाजको दृष्टिकोण यस लोकगाथामा व्यक्त भएको देखिन्छ। एकातिर लोकगाथामा सरुमाको जिद्दीले अपशकुनका लक्षणहरू देखिदा देखिँदै यात्रा गरिएको र यस्तो  दुष्परिणाम निम्तिएको देखाइएको छ भने अर्को तिर सौतेनी आमाको कारणले सरुमा र उसको लोग्ने दुवैको अकालमा ज्यान गएको प्रसङ्ग ल्याइएको छ। बाह्र वर्ष पछि माइतीमा आएकी छोरीको पतिलाई सौतेनी आमाले अपमान मात्र होइन हत्या नै गरेर सरुमालाई विधवा बनाएर आफ्नो भाइसँग विवाह गराउन खोजेको प्रसङ्ग छ। सौतेनी आमाले सरुमाको लोग्नेलाई विष खुवाई मारेकी छ भने उसलाई पतिको लास त्यहीँ अगाडि हुदाँहुँदै फेरि अर्कोसँग विवाह गर्ने प्रस्ताव गरिएको छ (लामिछाने ,२०६४, पृ ५१) । यहाँ सौतेनी आमाको व्यवहारले नारी अस्मिताको उपहास गरेको स्पष्ट देखिएको छ । यसरी तत्कालीन समयको नेपाली समाजको लैङ्गिक विभेदलाई नारी समस्याको रूपमा प्रस्तुत गरे पनि लोकगाथामा लैङ्गिक समताको वैचारिक पक्ष भने मौन रहेको देखिन्छ । लोकगाथामा नारीमाथि भएको लैङ्गिक हिंसा ,उत्पीडन र दमनको मात्र वर्णन गरिएको छ तर नारीमाथि उत्पीडन गर्ने पितृसत्तात्मक समाज  दण्डित हुन सकेको छैन । महिलामहिलाबिचको नकारात्मक सम्बन्धका कारणले लैङ्गिक विभेदले मौलाउने मौका पाएको देखाइएको छ ।

पितृसत्तात्मक समाजले नारी भएकै कारण विभिन्न बाहनामा उनीहरूमाथि अनेक प्रकारले शोषण गरिरहेको हुन्छ भन्ने कुराको पुष्टि यस लोकगाथामा भएको छ। पति मरेपछि  सती स्त्री पतिको लाससँग सँगै जलेर मर्नुलाई सतीप्रथा भनिन्छ भने एउटै पतिप्रति विश्वास गरी उसैको निष्ठामा ( सतमा ) बस्ने नारीलाई सती नारी भनिन्छ  । यस्ता सती नारीहरू पतिको आज्ञाकारी हुन्छन्  र उसैको सत् धर्ममा बस्तछन् । यस्ता नारीलाई पतिव्रता नारी पनि भनिन्छ । पतिव्रता नारीले २१ पुस्तालाई स्वर्गमा लैजान्छन् भन्ने विश्वास गरिन्छ (पराजुली,२०७२ ,पृ .६०) । तत्कालीन पुरुषप्रधान समाजभित्र महिलाको जिजीविषालाई पुरुषको अस्तित्वसँग जाड्ने गरिन्थ्यो । यस गाथामा पनि  पति मरेपछि महिलाले मर्त्यलोकबाट छुटकरा पाउन सती गएको कुरा देखाइएको छ । त्यति मात्र होइन नारीले बिनापुरुष बाँच्न हुदैन पतिलाई परमेश्वर मानेर उसैसँग प्राण त्याग गर्दा मोक्ष हुन्छ भन्ने भाष्य सिर्जना गरेर नारीलाई सती बनाएर पतिको मृत्युपछिको जीवन समाप्त पारिएको दर्दनाक अवस्था पनि देखाइएको छ । लोकगाथामा जीवनभरिको सेवामात्र नभएर मानवलाई जिउँदै सोलामा चढाएर जबरजस्ती मारिने राक्षसी प्रवृतिलाई पनि स्पष्ट पारेको छ  :

बाटो बेसायौ सरुमा , गङ्गाजी प्रभु बेसायौ
बाटो त बेसायौ सरुमा हो। श्रीखण्ड सोला त बेसायौ
सोला बनाई सती जाँदा अँगनी प्रभु जलेन धर्मपुत्र छोरा भएन हो सरुमा।
अजोध्या नगरीकोटका ब्राह्मणका चेला राम। धर्मपुत्र चेला भएर आगो दिए
बल्ल तिमी  त गयौ जलेर हो सरुमा ( पृ २४५ )।

. ंमाथिको साक्ष्यले सरूलाई  साहसी महिलाको रूपमा प्रस्तुत गरे तापनि दमनकारी संस्कार सामु आत्मसमर्पण गरेको देखाइएको छ। पतिको मृत्यु हुदा पत्नी पतिसँगै जलेर मर्नुपर्ने अत्यन्त क्रुर अमानवयि कुप्रथा र यसमा हुने दानवी कुकृत्यको खुलासा पनि यसले गरेको छ। लोग्नेको मृत्यु पछि गङ्गाजीको किनारामा पतिलाई जलाउन सरुमाले श्रीखण्डको चिता बनाउँन लगाएर आफू त्यसैमाथि बसी सती जान तयार भएको कुरा देखाइएको छ। पापको त्रास तथा स्वर्गको आश देखाएर अवला नारीलाई जिउँदै जल्न अभिप्रेरित गरिएको छ। चितामा छोरा वा धर्म पुत्रले आगो नलगाएको हुनाले चिता नबले पछि धर्मपुत्र बनाएर आगो लगाए पछि चिता सल्किएकोर पछि त्यही चितामा लोग्नेसँग सरुमा जलेको देखाइएको छ। छोरा नहुनेले धर्मपुत्र नखोज्दासम्म चिता नजल्ने कुरा उठाएर पुत्रको महत्त्व स्थापित गर्ने काम लोकगाथामा भएको छ। यसले सती इतिहासभित्र विद्यमान त्रासदीलाई शक्तिकेन्द्रले धार्मिक तथा सांस्कृतिक संस्कारको प्रयोग गरी कसरी सहमतीय ढङ्गले आफ्नो शक्ति परिचालन गर्छ र सबाल्टर्न विधुवा महिला जस्ती सबार्ल्टनलाई कसरी जिउँदै जल्नु पर्ने आत्मदाहको बलिदान स्वच्छाले तयार पारिन्छ भन्ने तितो ऐतिहासिक यथार्थको चित्रण गरिएको छ (श्रेष्ठ , २०६८ , पृ. ७५ )। यस लोकगाथाले वर्णन गरेको परिवेशलाई दृष्टिगत गर्दा युगौंदेखिको पितृसत्ताको अमानवीय प्रताडनामा परेका महिलाहरुको अवस्थाको चित्रण लोकगाथाले गरेको छ। तत्कालीन  सतीप्रथा  नारी प्रति कति अनुदार थियो भन्ने कुरा यस लोकगाथाले  पुष्टि गरेको छ।

‘ जिरिया गोडेने’ गाथा नेपाली लोकगाथामा सङ्ग्रह संङ्ग्रहीत लैङ्गिक विभेद भएको  सामाजिक लोकगाथा हो। यस लोकगाथाको विषयवस्तुको स्रोत समाज हो। पारिवारिक समस्यामा केन्द्रित यस लोकगाथामा पितृसत्ताले निर्माण गरेका नारीमाथि हुने विभेदका विभिन्न रूपहरू रहेको देखिन्छ। पितृसत्ताले निर्माण गरेको मुख्य विभेदको रूप लैङ्गिक विभेद हो। यस गाथाकी  प्रमुख नारी पात्र युवतीको सानैमा विवाह भएको छ। सानैमा विवाह गरेर लोग्ने परदेश गए पछि लामो समयसम्म घरमा फर्किएको छैन । लोग्ने घरमा नभए पनि लौग्नेकै आशमा जिन्दगी बिताउनु पितृसत्तात्मक समाजको मान्यता अनुसार पत्नीको आदर्श हो। यो आदर्शको सीमारेखा पत्नीले नाघ्नु हुदैंन । पतिलाई परमेश्वर मानेर उसकै नाममा जीवन विताउनु पर्छ भन्ने मान्यताका आधारमा युवतीले पनि लोग्नेको प्रतीक्षामा जीवन बिताएकी छ। घरका सम्पूर्ण सदस्यहरूले उसलाई उत्पीडनमा पारेका छन्। ऊ अनेकै यातना, कष्ट र मानसिक तनावसित बाँचिरहेकी छ। यस कुरालाई निम्न साक्ष्यले पुष्टि गर्दछ :

ढुटाको रोटी र नूनको ढिका
नखाए नानइले आज त।
भुसैको खाजा र भुजेलीको काम्लो
न ओडेने नानैले आज त।
बिसी र बाट त हिडेकी बहू
तगरी छोड् त भइ सकिन।
ढुटैको रोटी र नुनको ढिको
भुजेली काम्लो त तयारै छ। ( पृ .२१२ )

माथिको साक्ष्यबाट बुझ्न सकिन्छ कि उसलाई परिवारका सदस्यहरूले दिनभरी घाममा एक्लै जिरिया गोड्न पठाएर बेलुका  सबै परिवारका सदस्यहरूले खाने खाना खान पनि नदिएर भुसको खाजा , ढुटाको रोटी र नूनको ढिकोसँग खान दिनुले उसलाई  कतिसम्मको लैङ्गिक विभेद गरिएको थियो भन्ने पुष्टि हुन्छ। लोकगाथामा पितृसत्तात्मक समाजको कारण सासु , जेठानी , देवरानी , नन्द ,

अमाजु सबै नारीहरूबाट नै नारीलाई उत्पीडनमा पारेको देखाइएको छ। पितृसत्तात्मक समाजमा नारीले नारीलाई नै उत्पीडनमा पारेको देखाएर नारीका समस्या नारीसँग नै छ वा नारीले नै नारीलाई समस्यामा पारेका हुन्छन् भनी देखाउन यस प्रकारका लोकगाथा प्रचलनमा ल्याएको हुन सक्छ । नारी केन्द्रित भएर नारीका खराबीलाई मात्र सतहमा ल्याउने काम भएको देखिन्छ। पितृसत्ताले निर्माण गरेको यस लोकगाथामा नारीले नारीको विरूद्धमा प्रतिरोध नगरे पनि पुरुषले आफूप्रति गरेको दुर्व्यवहारको भने प्रतिरोध गरेको पाइन्छ। जिरिया गोड्ने लोकगाथाकी नारी पात्र युवतीले आफूले जिरिया गोड्ने ठाँउमा आएर युवकले विभिन्न प्रश्न गर्दै आफ्नो छेउमा आएर एकछिन बस्न अनुरोध गर्दा उसले युवकलाई यसरी प्रतिरोध गरेकी छ :

बाइटामा र हिड्नी बटुवा फुर्सा
चाइदैन तै जइरेको पीताम्बर
अर्काकी छोरी अर्काकी बुहारी
विनाथै किन भुलाउनि
खउलाका मुखिया ससुरा बाबा
गाम्लेका अलामी हामरा बाबा
थुती दिम्ला जीउरी भाँची दिम्ला
पाखुरी
नइ चला फुस्राले हामीलाई ( पृ . २१२ )।

माथिका साक्ष्यका आधारमा लोकगाथामा हेर्दा लोकगाथाका युवतीमा प्रतिरोधी चेतनाको विकास भएको पाइन्छ तर त्यो प्रतिरोधी चेतनालाई पितृसत्ताको दबदबाले अधीनमा राख्न सफल भएका कारणले उसले सशक्त रुपमा प्रतिरोध गर्न भने नसकेको देखाइएको छ। नारीमा लैङ्गिक सचेतनाको सम्भावना देखाउन खोजिए पनि सशक्त रुपमा प्रतिरोध गरेको देखाउन नसक्नु कृतिभित्र विभेदकारी परम्परालाई निरन्तरता दिनु हो । कृति भित्र विभेदकारी परम्पराले निरन्तरता पाइरहँदा विभेदले पनि निरन्तरता पाइरहेको हुन्छ।

'बालाचन्द्रको गाथा' नेपाली लोकगाथामा सङ्कलन गरिएको नारीलाई लैङ्गिक विभेद गरिएको अर्को गाथा हो। यो लोकगाथा परिवारबाट सहयोग नगरी नारीलाई उत्पीडनमा पारिएको सामाजिक लोक गाथा हो । यो गाथा एउटी नारीको दुखदर्द जीवन भोगाईसँग सम्बन्धित रहेको छ । यस गाथाकीप्रमुख नारी पात्र बालाचन्द्रकी आमा रहेकी छ। उसको लोग्ने गोठमा बसेको छ। लेकमा गोठ रहेको र गोठमा खाने खर्च सकिएको हुनाले उसले लोग्नेलाई खर्च पुर्‍याउन गोठमा जानु परेको छ। छोरा बालचन्द्र सानो भएकाले लिएर जान सक्ने अवस्था छैन । उसले घर परिवारका सम्पूर्ण सदस्यहरूलाई आफ्नो छोरा हेरिदिन अनुरोध गर्दै भन्छे :

गोठै र नजाउ भने सातै दिनका भोका छन्
गोठै जाउ तो भने बालै पछेरा।
खटियै बसनी ससुर हाम्रा बाबा
यति हाम्रा बालचन्द्र हेरिदिए है ( पृ २३३ )।

यसरी उसले पालै पालो घरका सम्पूर्ण सदस्यहरूलाई मेरो बालाचन्द्र हेरिदेऊ न म गोठमा खर्च पुऱ्याएर आउँछु भनेर अनुरोध गर्दछे। सबैले आ–आफ्नो काम देखाएर हेर्न मान्दैनन् । अन्त्यमा सानी नन्दको भरमा छोरालाई छोडेर गोठमा पुग्दा लोग्नेको मृत्यु भई सकेको हुन्छ। घर फर्केर आउँदा

छोराको पनि  हत्या भइसकेको हुन्छ । उसले घरमा छोरा नदेखेर पालै पालो फेरि क्रमश : ससुरा, सासु, जेठाजु, जेठानी, देवर, देवरानीसँग  मेरो छोरा कता गयो होला ? भनेर सोध्दछे । कसैले पनि सही जवाफ  दिदैनन् । नन्दबाट परिवारका सदस्यहरूले हत्या गरेको जानकारी पाउँछे । ऊ घरपरिवारबाट अपहेलित र तिरस्कृत छ । उसको ससुरा गाउँको ठुलोवडा मुखियाका रुपमा ,जेठाजु भलाद्मीका रूपमा रहेका छन् भने सासु र जेठानी गृहस्थी नारीका रूपमा नै देखिन्छन् । उनीहरू कसैले पनि  उसलाई सहयोग  गर्दैनन् । उल्टै लोग्नेलाई खर्च छोड्न गएको मैका पारी उसको छोराको हत्या गरेका छन् । एकातिर  प्राकृतिक प्रकोपले उसको लोग्नेको गोठमा नै मृत्यु भएको छ भने अर्कातिर घरका पारिवारिक सदस्यहरूले छोराको हत्या  गरेका छन् । परिवारले छोरालाई मारेको जानकारी पाउँदा पनि ऊ विरोध गर्न सक्तिन चुपचाप सहेकी छ । यसबाट ऊ अन्यायका विरूद्ध आवाज उठाउन नसक्ने अधीनस्थ पहिचान भएकी नारीका रूपमा देखिएकी छ । उसमा विद्रोही चेत भएको देखिँदैन । परम्परागत पितृसत्तात्मक सामाजिक परिवेशमा बाँच्न बाध्य पारिएको  हुनाले ऊ भित्रको विद्रोही चेतना दबिएको देखिन्छ । ऊ बोल्न चाहेर पनि बोल्न सक्ने अवस्था देखिदैन किनभने एकातिर परिवारको सहयोग नपाएकै कारण उसको लोग्नेको मृत्यु भएको छ भने अर्कोतिर परिवारकै मिलेमतोमा उसको छोराको हत्या भएको छ । उसले आफूलाई परिस्थितिको अगिल्तिर पूर्ण रूपमा समर्पण गरेकी छे । प्रभुत्वशाली वर्गको शक्तिको अगाडि सबाल्र्टन वर्ग सधैँ अधीनस्थ र उत्पीडित बन्न पुग्छ (श्रेष्ठ ,२०६८ ,पृ. ३७ ) । उनीहरू आवाजविहीन बन्न बाध्य हुन्छन् भन्नेकुरा बालचन्द्रकी आमाले मौनधारण गरेबाट चरितार्थ हुन्छ । महिला आफ्नो बारेमा सोच्न सक्दिन र ऊ त्यही बन्न सक्छे जस्तो  पुरुषले उसलाई आदेश दिन्छ (पाण्डे, २०६९, पृ. ३) । यस लोकगाथामा पनि ऊ घरपरिवारका सदस्यहरूका अगाडि बोल्न सक्ने स्थितिमा देखिन्न । उसको आवजलाई पितृसत्ताले दबाएको छ । गाथामा पितृसत्तात्मक समाजले गरेको अन्यायपूर्ण व्यवहारबाट नारी कसरी उत्पीडनमा परेका थिए भन्ने कुरा स्पष्ट हुन्छ ।

'अम्बाको गाथा' नेपाली लोकगाथामा नारीलाई लैङ्गिक विभेद गरिएको अर्को सामाजिक लोकगाथा हो । पितृसत्तात्मक समाजमा नारीको स्थान निकै दबाब, उत्पीडनमा परेको र अधीनस्थ रहेको छ । यस गाथाकी प्रमुख नारी पात्र अम्बा लैङ्गिक विभेदको सिकार भएकी छ । ऊ आफ्नै जन्मदिने बाबुआमाबाट लैङ्गिक तथा घरेलु हिंसामा परेकी छ । ऊ आफ्नै बाबु आमाबाट अधीनस्थ बनाइएकी छ । ऊ छोरी भएर जन्मेकै कारण पितृसत्तात्मक समाजबाट अन्याय अत्याचार सहन विवश भएकी नारी हो । उसलाई उसका बाबुआमाले विवाह गरिदिएका छन् । ऊ विवाह भएको लामो समयसम्म पनि विवाह भएको घरमा गएकी छैन । उसका बाबुआमाले छोरीलाई विवाह गरेर दिएको घरका मानिसले आफ्नो इज्जत, मानमर्यादा  र  प्रतिष्ठा अनुसार व्यवहार नगरेको भनेर छोरीलाई घर पठाएका छैनन् । ऊ छोरी भएका कारणले परिवारको हैकममा बसेकी छ । उसलाई विवाह गरेको घरमा जाने इच्छा छ । बाबुआमाले उसको इच्छा हुदाहुदै पनि पठाएका छैनन् । यसबाट तत्कालीन समाजमा रहेको लैङ्गिकता झल्किन्छ । बाबुआमाको अहङ्कारका कारण विवाह गरेको १२ वर्ष हुँदासम्म छोरीले घर चिनेकी छैन भन्ने कुरालाई उसका निम्न अभिव्यक्तिबाट पनि बुझ्न सकिन्छ :

दैला र मुनि पसल त    सुन मेरी मसलै ।
ए मैना ! क्यै मैले किनिनँ नि रे !    सम्झन त्यै मन्मा ॥
बिहेदान गरेका बाह्र वर्ष भए    सुन मेरी मसलै ।
ए मैना घर मैले चिनिनँ नि रे !    सम्झन त्यै मन्मा ॥
घरमा मैले जाम् भने पनि    सुन मेरी मसलै ।

ए मैना घर मैले चिनिनँ नि रे ! सम्भन त्यै मन्मा ॥ (पृ.२३६)

माथिको अभिव्यक्तिबाट बुभ्न सकिन्छ कि उसलाई आफ्नो लोग्नेको घरमा जान मन लागेको छ तर उसले विवाह गरेको बाह्र वर्ष हुदाँसम्म पनि लोग्नेको घर चिन्न पाएकी छैन । विवाह भएको यतिका वर्ष हुदाँसम्म पनि छोरीलाई उसको लोग्नेको घर नपठाउनुले ऊ अधीनस्थ रहेको स्पष्ट हुन्छ । ऊ पितृसत्ताकै वर्चस्वका कारणले उत्पीडित बन्नु परेको देखिन्छ । पितृसत्तात्मक समाजमा छोरी जन्मने बित्तिकै बाबुको अधीनमा रहने गर्दछन् । पितृसत्तात्मक समाजले बाबुले छोरीलाई नियन्त्रणमा राख्नुलाई बाबुको कर्तव्य ठानेको हुन्छ । त्यसैले यस गाथामा पनि बाबुले छोरीलाई आफ्नो अधीनमा राख्न खोजेको स्पष्ट देखिन्छ । उसलाई पटकपटक उसको लोग्नेले लिन आउदा पनि बाबुआमाले घर पाउन चाहेको छैनन् । बाबु आमाले छोरीलाई घर नपठाउनुले लोकगाथामा बाबु आमाको भूमिका परपीडकको रूपमा देखिएको छ । उनीहरूकै कारण छोरीले उत्पीडन भोग्न बाध्य भएकी छ । जन्म दिने बाबुआमाबाट उत्पीडन भोग्न बाध्य भएकी अम्बाको जन्म घर र पराई घर दुवै उसका लागि आफ्ना घर हुदैनन् । दुवै घरबाट ऊ सुरक्षित छैन भन्ने कुरा यहाँ बुभ्न सकिन्छ :

चारै र माना धानै र भिकी सुनमेरी मसलै ।
ए मैना घर्तिनीलाई दिइन् नि रे ! सम्भन त्यै मनमा ॥
ठाडोमा लायौ अवीर टीको सुन मेरी मसलै ।
ए मैना ! माभैमा रचना नि रे ! सम्भन त्यै मनमा ॥
बबाले लाए नलीको सुम्लो सुनमेरी मसलै ।
ए मैना आमाले वचन नि रे ! सम्भन त्यै मनमा ॥
धरमा धर धारोमा छुट्यो सुन मेरी मसलै ।
ए मैना असैजे तेरीको नि रे ! सम्भन त्यै मनमा ॥
चारैमा माना धानै र भिक्ता सुन मेरी मसलै ।
ए मैना ज्यान् गयो नि रे ! सम्भन त्यै मनमा ॥ (पृ.२३५ )

माथिको साक्ष्यका आधारमा लोकगाथाको विश्लेषण गर्दा अम्बाले बाबुआमाको अनुमति बिना घर्तिनीलाई चारमाना धान दिएको देखिन्छ । त्यही निहुँमा उसको बाबुले उसलाई शारीरिक यातना दिएको छ भने आमाले मानसिक यातना दिएकी छ । ऊ जन्मदिने आमा बाबुबाटै शारीरिक र मानसिक उत्पीडन सहन बाध्य परिएकी निरीह चरित्र हो । पितृसत्ता तथा पितृसत्तात्मकताले निर्धारण गरको परिवारको भूमिकाभित्र महिलाहरू उत्पीडनमा छन् । यहाँ आमा बाबुको अनुमति विपरीत कुनै पनि कार्य गर्ने छुट पितृसत्ताले छोरीलाई दिएको छैन । पितृसत्तात्मक समाजले छोरीलाई आवाजविहीन र शक्तिविहीन बनाएको छ जसका कारण उसले आमा बाबुको अनुमति नलिई घान घर्तिनीलाई दिदा शारिरिक र मानसिक यातना सहनु परेको हो । उसले प्रत्यक्ष रूपमा आमा बाबुको प्रतिरोध गर्न सक्तिन । ऊ परिवारमा अधीनस्थ छ । उसले अप्रत्यक्ष वा मौनरूपमा भने प्रतिरोध गर्दै बाबुआमाको उत्पीडनलाई सहन नसकेर आत्महत्या गर्न पुग्छे । पितृसत्तात्मक समाजमा आत्महत्या गरेर मात्र उसको लैङ्गिक विभेद समाप्त हुदैन । बाँचुन्जेल आफ्नो हुन नसकेको जन्म घर मरेपछि पनि उसको आफ्नो हुन सक्दैन । उसका बाबुआमाले विवाह गरेको बाह्र वर्षसम्म नपठाएको कर्म घरमा उसको लासलाई जिम्मा लगाउँछन् । पितृसत्तात्मक संरचानका कारणले बाचुन्जेल आफ्नो नभएको उसको लोग्नेको घर मरे पछि उसको हुन पुगेको देखाइएको छ । पितृसत्तात्मक समाजमा नारीको कुनै स्थान र मुल्य छैन भन्ने कुरा लोकगाथामा व्यक्त गरिएको छ । नारीलाई यसरी मूल्यहीन वस्तु जस्तो देखाउनु

पनि लैङ्गिकता नै हो । यसरी यस गाथामा तत्कालीन नेपाली पितृसत्तात्मक समाजको नारी प्रतिको लैङ्गिक दृष्टिकोण व्यक्त भएको देखाइएको छ ।

## निष्कर्ष

नेपाली लोकगाथामा नेपाली समाजमा नारीले भोग्नुपरेको उत्पीडनका विविध रूपको चित्रण भएको पाइन्छ । यहाँ पुरूषसत्ताको आधिपत्य रहेको देखिन्छ । नारी पात्रको उपस्थिति हेर्दा उनीहरू पितृसत्ताको मूल्यमान्यताभित्र सामाजिक–सांस्कृतिक आधारमा अनेक प्रकारका शारीरिक , मानसिक उत्पीडनमा रहेका देखिन्छन् । यस्तै उत्पीडनको बिचबाट उनीहरूले विद्रोह गर्न सकेको देखिदैन । लोकगाथाका पुरुष पात्रहरू विवाह गरेर दसौँ वर्ष घर छाडेर प्रदेश गएका छन् । महिलाले प्रदेश गएको पतिलाई परमेश्वर मानेर परदेशी पतिमा समर्पित पराधीन जीवन भोग्नुपर्ने अवस्था रहेको छ। नाबालक अवस्थामा विवाहित हुनुपर्ने , अर्काको घरमा दासीको रूपमा काम गर्नुपर्ने , लामो समयसम्म आफ्नो जन्म घरसम्म जान नपाउने , माइत घरमा रहदा पनि उत्पीडन सहनु पर्ने महिलाहरू पराधीन बनाइएका छन् । महिलाहरू बालविवाह र अनमेल विवाहको सिकार बनेका हुनाले उनीहरूको दाम्पत्य जीवन निस्सार रहेको र पतिको मृत्युपछिको जीवन समाप्त पारिएको , जन्मघरमा बस्न नसकेर आत्महत्या गर्न विवश पारिएको र आत्महत्या  पछि पनि जन्म घर आफ्नो बन्न नसकेको दर्दनाक अवस्था रहेको छ । नारीलाई जीउँदै सोलामा चढाएर सती पठाउने राक्षसी प्रवृतिलाई यहाँ स्पष्ट देखाएको छ । छोरा नहुँदा चिता नजल्नेजस्ता अतिप्राकृतिक सन्दर्भ पनि मिसाइएका छन् । तत्कालीन नेपाली समाजमा महिलालाई घोर अन्याय तथा अपमान गरिएको र लैङ्गिक विभेदका कारण गरिएको यस्तो अमानवीय व्यवहारले नारीहरू उत्पीडनमा रहेको स्पष्ट हुन्छ । लोकगाथा भित्रका यस्तो कथ्यले तत्कालीन नेपाली समाजमा पितृसत्ता निरङ्कुश र हैकमवादले नारीहरू उत्पीडनमा परेको र उनीहरूका पीडा र वेदनाका चित्कार पितृसत्तात्मक नेपाली समाजले नसुनेको वास्तविक खुलासा लोकगाथामा गरिएको छ । पितृसत्ताले धर्म–संस्कृति तथा त्यसमा निहित रूढि , परम्पराका तथा अन्धविश्वासमा पनि छोरीलाई जन्मदेखि नै विभेदपूर्ण रुपमा सामाजिक बन्धनमा बाँधेको छ । तत्कालीन समाजमा छोरीलाई सानैमा कन्यदान दिए पुण्य  मिल्ने विश्वास देखाएर लोकगाथामा कलिला बालिकाहरूलाई  बालविवाह र अनमेल विवाह गरेर दिने चलन रहेको खुलाइएको छ । पितृसत्तात्मक सोचका कारण समाजमा महिलामाथि दमन भएको छ । पितृसत्तात्मक मूल्य मान्यताको निर्माणमा  पुरुषसत्ता निर्णायक रहेको र उसकै मनलागीमा नारीको जीवन समाप्त पारिएको छ । कतिपय नारीको जीवन त बँचेको छ तर हेला ,तिरस्कार र लाञ्छानामा बाँचेको यस्तो जीवनमा बन्धन र उत्पीडन मात्र बाँकी रहेको छ । तत्कालीन समाजमा महिलालाई घोर अन्याय तथा अमानवीय व्यवहार गरिएको र लैङ्गिक विभेदका कारण नारीहरू उत्पीडनमा रहेको स्पष्ट हुन्छ । लोकगाथा भित्रको यस्तो कथ्यले तत्कालीन नेपाली समाजमा पितृसत्ता निरङ्कुश र हैकमवादले नारीहरू उत्पीडनमा परेको र उनीहरूका पीडा र वेदनाका चित्कार पितृसत्तात्मक नेपाली समाजले नसुनेको वास्तविक खुलासा लोकगाथामा भएको छ । निश्कर्षत : नेपाली लोकगाथाले नेपाली समाजमा रहेको लङ्गिक विभदेको सशक्त चित्रण गरेको स्पष्ट हुन्छ ।

## सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव (२०६८ ), *सिद्धान्तका कुरा*  (चौथो संस्क.), काठमाडौँ : अक्षर क्रिएसन्स नेपाल ।

त्रिपाठी, सुधा (२०६८ ), 'पाश्चात्य नारीवाद र त्यसको स्वरूप*', रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : रत्नपुस्तक भण्डार ।

पराजुली, मोतीलाल (२०४९), *नेपाली लोकगाथा,* पोखरा : तारादेवी पराजुली ।

पराजुली, मोतीलाल ( २०७२), 'लोकगाथा', *नेपाली लोकवार्ता,* जीवेन्द्रदेव गिरी (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पराजुली , मोतिलाल (२०७४) , 'लोकगाथा' , *नेपाली प्रदर्शनकारी कला प्रादेशिक अनुसन्धान* (प्रदेश ४), काठमाडौँ : नेपाल सङ्गीत तथा नाट्य प्रतिष्ठान ।

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

प्रतिक्षा, साधना (२०७५), *लैङ्गिक समालोचना : सिद्धान्त र प्रयोग,* काठमाडौँ : कृति प्रकाशन ।

प्रतिक्षा, साधना (२०७९), 'लैङ्गिक समालोचनाका सैद्धान्तिक आधार र विश्लेषण', *रत्न बृहत् नेपाली समालोचना* -भाग ३ (सिद्धान्त र सिद्धान्तनिष्ठ प्रायोगिक खण्ड) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम ((सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई , रमेशप्रसाद (२०६८), 'लैङ्गिक समालोचना', *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई , रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने, कपिलदेव (२०६४), *नेपाली लोकगाथाको अध्ययन,* काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा सबाल्टन,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

हमाल, पुनम (२०७७), 'माया ठकुरीका कथामा लैङ्गिकता', अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीतिपुर ।